फोन. 081-520151,520338,525323
टोलफ्री नं. 1660 81 52052
फ्याक्स नं. 081-525109
इमेल : nepalgunjmun@gmail.com

# नेपालगंज उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः-२०७९/१०/११)**

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) प.स२०७९/८० च.नं. PMEP/३६३, मिति २०७९/०३/२२ को पत्रानुसार यस नेपालगञ्ज उपमहानगरपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०६/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः-**
   (क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्णगरेको
   (ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको
   (ग) आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको

२. **दरखास्त दिने स्थानः-** नेपालगञ्ज उपमहानगरपालिकाको कार्यालय,प्रशासन शाखा

३. **दरखास्त दिने अन्तिम मितिः-**२०७९/१०/२५ गते कार्यालय समय भित्र

४. **आवेदन दस्तुरः-** रु. ५००।-

५. **छनौटको किसिमः-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित तथा कम्प्युटर सीपको प्रयोगात्मक परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

- नागरिकता/ बसाई सराई भए सो को प्रमाण
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- माथिल्लो शैक्षिक योग्यता भएमा सोको लब्धांक प्रमाणपत्र
- नेपाल सरकार द्धारा सञ्चालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको अनुभव मात्र मान्य हुने हुँदा सो सँग सम्बन्धीत कागजात
- आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको प्रमाणपत्र
- २ प्रति पासपोर्ट साईजको फोटो

७. **सेवा सुविधाः-** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ।

८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः-** स्थानीय तहमा प्राविधिक सहायक तथा रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ बमोजिम हुनेछ।

नोटः- आवेदनको ढाँचा र रोजगार सहायक पदको पाठ्यक्रम नेपालगञ्ज उपमहानरपालिकाको वेभ साइटमा राखिएको छ। साथै यो कार्यक्रमको विस्तृत जानकारीको लागि प्रधामन्त्री रोजगार कार्यक्रमको वेभ साइटwww.pmep.gov.npमा उपलब्ध छ।

२०७९।१०।११

**(शिव प्रसाद रिजाल)**
**प्रमुख प्रशासकीय अधिकृत**

शिव प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत



CamScanner